# पुष्प फर्म स्थापना तथा बिस्तार कार्यक्रम सञ्चालन कार्यविधि
# २०७५

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**कृषि विकास निर्देशनालय**
गण्डकी प्रदेश
मालेपाटन, पोखरा

# पुष्प फर्म स्थापना तथा बिस्तार कार्यक्रम सञ्चालन कार्यविधि २०७५

**प्रस्तावना**

विगत केही वर्षदेखि फूल तथा फूलजन्य उत्पादनको माग निकै बढिरहेको पाइन्छ । गण्डकी प्रदेशको भौगोलिक अवस्था व्यवसायिक फूलखेतीका लागि उपयुक्त मानिन्छ । भौगोलिक परिवेश, उपलब्ध स्रोत साधन र सम्भावनाको सदुपयोग गर्न, निजी क्षेत्रको सहभागितामा पुष्प व्यवसायको विकास र बिस्तारमार्फत रोजगारीको अवसर सिर्जना गर्न, पुष्पजन्य उपजहरूको बढ्दो आयातलाई प्रतिस्थापन गर्न तथा स्थानीय आनुवांशिक पुष्प स्रोतको संरक्षण र संवर्द्धन गर्न निकै आवश्यक देखिन्छ । यसै सन्दर्भमा आ.व. २०७५।७६ को लागि सङ्घबाट ससर्त अनुदान प्राप्त कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाइ कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम "**पुष्प फर्म स्थापना तथा बिस्तार कार्यक्रम सञ्चालन कार्यविधि २०७५**" रहेको छ।

ख) यो कार्यविधि गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

### २. कार्यविधि लागू हुने क्षेत्र

यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ।

### ३. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) **"उद्यमी"** भन्नाले यस कार्यविधि अनुरूप पुष्प फर्म स्थापना तथा बिस्तार गर्नका उद्देश्यले आवेदन दिने कृषक वा कृषक समूह वा सहकारी संस्था वा सार्वजनिक संस्था वा गैरसरकारी संस्था वा निजी कम्पनीलाई सम्झनुपर्दछ।

ख) **"प्रस्ताव"** भन्नाले उद्यमीले पुष्प फर्म स्थापना तथा बिस्तार गर्न आवश्यक पर्ने नगद, वस्तुगत् वा दुवै अनुदानका लागि पेश गरेको आवेदन तथा विवरण सम्झनुपर्दछ।

ग) **"अनुदान"** भन्नाले यस कार्यविधि अनुरूप पुष्प फर्म स्थापना तथा बिस्तार गर्न आवश्यक पर्ने सहयोग पुर्याउन उपलब्ध गराइने नगद, वस्तुगत वा दुवै अनुदान रकम सम्झनुपर्दछ।

घ) **"मन्त्रालय"** भन्नाले गण्डकी प्रदेश अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनुपर्छ।

ङ) **"निर्देशनालय"** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको कृषि विकास निर्देशनालयलाई सम्झनुपर्दछ ।

च) **"केन्द्र"** भन्नाले कृषि विकास निर्देशनालय अन्तर्गत जिल्लास्थित कृषि प्रविधि प्रसार सेवा उपलब्ध गराउने कृषि ज्ञान केन्द्र भन्ने सम्झनुपर्दछ ।

छ) **"गैर सरकारी संस्था"** भन्नाले संस्था दर्ता ऐन अनुरूप सम्बन्धित कार्यालयमा दर्ता भएको संस्था सम्झनुपर्दछ ।

ज) **"सहकारी संस्था"** भन्नाले सहकारी ऐन २०४८ तथा नियमावली बमोजिम सम्बन्धित कार्यालयमा दर्ता भएको सहकारी संस्था वा सङ्घ सम्झनुपर्दछ ।

झ) **"निजी कम्पनी"** भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिस्ट्रारको कार्यालय दर्ता भएको कम्पनी भन्ने बुझ्नु पर्दछ । यस शब्दले घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको उद्योग समेतलाई जनाउँदछ ।

ञ) **"कृषक समूह"** भन्नाले तत्कालीन जिल्ला कृषि विकास कार्यालय वा कृषि ज्ञान केन्द्र वा स्थानीय निकायमा दर्ता भई कृषि उत्पादन, सङ्कलन, बिक्री वितरण कार्यमा संलग्न भएका कम्तीमा १० जना कृषकहरूको समूहलाई सम्झनुपर्दछ ।

ट) **"कृषक"** भन्नाले पुष्प खेती गरिरहेको वा पुष्पखेती बिस्तार गर्ने व्यक्ति सम्झनुपर्दछ ।

ठ) **"छनौट तथा मूल्याङ्कन समिति"** भन्नाले परिच्छेद २ को दफा ८ अनुसार गठित समिति सम्झनुपर्दछ ।

ड) **"पुष्प फर्म "** भन्नाले रैथाने तथा आयातित, फूल फुल्ने तथा नफुल्ने, एक वर्षे तथा बहुवर्षीय, आलङ्कारिक बिरुवाको माउ बोट, कलमी बिरुवा, फूलको गानो, जरा, बीउ बिजन, कट फ्लावर (ताजा फूल) को प्राकृतिक रूपमा उत्पादन गरिने र उत्पादन गरिएका विरुवालाई व्यवस्थापन र बजारीकरणलाई नर्सरीलाई सम्झनुपर्दछ ।

ण) **"प्रमुख"** भन्नाले कृषि ज्ञान केन्द्र वा कृषि विकास निर्देशनालयका प्रमुखलाई सम्झनुपर्दछ ।

## ४. कार्यक्रमको उद्देश्य

क) पुष्प व्यवसायको विकास र बिस्तार गरी स्थानीयस्तरमा पुष्प तथा पुष्पजन्य उत्पादनको उपलब्धता वृद्धि गर्न सहयोग गर्नु ।

ख) पुष्पजन्य उपजहरूको बढ्दो आयातलाई प्रतिस्थापन गर्न सहयोग पुर्याउने ।

ग) स्थानीय पुष्प आनुवांशिक स्रोतको संरक्षण र संवर्धन गर्ने ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन विधि

### ५. सूचना प्रकाशन तथा प्रस्ताव आह्वान

क) यस कार्यविधि अनुसार सम्भाव्य र आवश्यक पर्ने जिल्ला तथा क्षेत्रहरूमा पुष्प फर्म स्थापना तथा बिस्तार गर्ने स्थान छनौटका लागि यस कार्यविधिको दफा ७ मा व्यवस्था भए बमोजिम योग्यता पुगेका कृषक, कृषक समूह, सहकारी संस्था, सार्वजनिक संस्था, गैरसरकारी संस्था, निजी कम्पनीबाट राष्ट्रिय दैनिक पत्रिका मार्फत कम्तीमा ३० दिनको म्याद दिई प्रस्ताव आह्वानको सूचना प्रकाशित गरिने छ । प्रकाशित सूचना लगायतका अन्य आवश्यक कागजातहरू केन्द्रको वेवसाइट पनि राख्ने व्यवस्था गर्नेछ । प्रेसित सूचनाको व्यापक प्रचार प्रसारका लागि स्थानीय निकायका सबै कार्यालयहरूमा सूचना टाँस्ने व्यवस्था हुनेछ ।

ख) उपदफा 'क' बमोजिम सूचना प्रकाशन भए अनुरूप उद्यमीले तोकिएको अन्तिम मितिसम्म कार्यालय समयभित्र सम्बन्धित कार्यालयमा यस कार्यविधिको अनुसूची २ मा उल्लेख भए बमोजिम सम्पूर्ण कागजात सहित आवेदन प्रस्ताव खाम बन्दी गरी पेश गर्नुपर्नेछ ।

### ६. अनुदान उपलब्ध गराउने आधारहरू

क) प्रस्ताव पेश गर्ने कम्पनी/संस्थाले निर्माण गरिने भौतिक संरचना (सेड हाउस/ग्रीन हाउस/ग्लास हाउस, ल्याण्ड स्केपिङ) को हकमा विस्तृत डिजाइन र लागत इस्टिमेट समेत पेश गर्नु पर्नेछ । उक्त डिजाइन र लागत इस्टिमेट कृषि विकास निर्देशनालयमा कार्यरत वा अन्य सरकारी इन्जिनियर वा अन्य मान्यता प्राप्त इन्जिनियरिङ फर्मबाट तयार गराउनु पर्नेछ ।

ख) अनुदानमा मेसिनरी औजारहरूको प्राप्त गर्ने उद्यमीले खरिद गरेको मेसिन तथा उपकरणहरूको स्पेशिफिकेशन तथा लागत मूल्य समेत पेश गर्नु पर्नेछ ।

ग) पुष्प व्यवसाय सञ्चालन तथा बिस्तारका लागि आवश्यक पर्ने माटो व्यवस्थापन, फर्म/नर्सरी स्थापना तथा बिस्तार, बाली संरक्षणसँग सम्वन्धित सेवा, आवश्यक औजार उपकरण, माटो परीक्षण सेवा, सिँचाइसँग सम्बन्धित कार्यहरू (प्लाष्टिक पोखरी/सिमेन्टेड पोखरी/पोंडलाइनर प्रयोग गरी निर्माण गरिने पोखरी/सिँचाइ पाइप/थोपा सिँचाइ/स्प्रिङ्कलर

सिँचाइ), भौतिक संरचना निर्माण (सेड-हाउस/ग्रीन-हाउस/ग्लास-हाउस, ल्याण्ड स्केपिङ) आदिमा अनुदान उपलब्ध हुनेछ ।

## ७. आवेदन दिन आवश्यक योग्यता

यस कार्यविधि अनुरूप पुष्प फर्म स्थापना तथा बिस्तारका लागि प्रस्तावमा आधारित अनुदान प्राप्त गर्न देहायका योग्यता पुगेका सबै उद्यमीहरूले अनुसूची २ अनुसार आवेदन दिन सक्नेछन् ।

क) आवेदक उद्यमी कानुन बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको, संस्था दर्ता भएको कम्तीमा एक वर्ष पूरा भएको, साधारण सभा गरेर वार्षिक लेखापरीक्षण गरेको साथै सरकारी कर चुक्ता गरेको हुनुपर्नेछ ।

ख) पुष्प फर्म स्थापना तथा बिस्तार गर्नका लागि कम्तीमा १ हेक्टर क्षेत्रफलको क्लष्टर हुनु पर्नेछ र उक्त क्लष्टरमा बाटो, बिजुली, पानी आदिको सुविधा भएको हुनुपर्नेछ ।

ग) पुष्प खेती कार्यमा संलग्न हुने उद्यमीको आफ्नै नाममा जग्गा हुनु पर्नेछ वा कम्तीमा १० वर्षका लागि भाडामा लिएको हुनुपर्नेछ ।

घ) प्रस्तावित स्थान व्यवसायिक पुष्प खेती प्रवर्धन तथा बिस्तारको सम्भावना भएको हुनुपर्नेछ ।

ङ) पुष्प फर्म स्थापना तथा बिस्तार गर्ने कार्ययोजनामा भएको लागत बमोजिम योगदान व्यहोर्न सक्ने क्षमता भएको हुनुपर्नेछ ।

च) आवेदकले आफूले व्यहोर्नु पर्ने रकम वित्तीय संस्थाबाट ऋण लिई गर्ने भएमा लगानी गर्ने बराबरको रकम प्राप्त गर्ने प्रतिबद्धता वा बैङ्क ग्यारेण्टी-पत्र पेश गर्नुपर्नेछ ।

## ८. छनौट तथा मूल्याङ्कन समितिको व्यवस्था

यस कार्यविधिको अनुसूची १ मा प्रकाशित सूचना बमोजिम पेश भएका आवेदनहरूलाई छनौट तथा मूल्याङ्कन गर्नका लागि तपसिल बमोजिमको छनौट तथा मूल्याङ्कन समिति गठन गरिनेछ।

| | |
|---|---|
| क) कृषि प्रसार अधिकृत, केन्द्र | - अध्यक्ष |
| ख) बाली संरक्षण अधिकृत, केन्द्र | - सदस्य |
| ग) अध्यक्ष, फ्लोरिकल्चर एसोसिएसन नेपाल, प्रस्तावित कार्यक्रम सञ्चालन हुने जिल्ला | -सदस्य |
| घ) योजना अधिकृत, केन्द्र | - सदस्य |
| ङ) बागवानी विकास अधिकृत | - सदस्य सचिव |

समितिले आवश्यकता अनुसार बढीमा २ जनासम्म विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । उपरोक्त समिति गठनका लागि उल्लेख भए बमोजिमको अधिकृत उपलब्ध नभएमा वा रिक्त भएमा कार्यालयमा भएका विषय सम्बन्धित कृषि प्राविधिक राखी समिति गठन गर्न सकिनेछ ।

**९. छनौट तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार**

क) सम्बन्धित उद्यमीबाट पेश भएका प्रस्ताव र सोसँग सम्बन्धित कागजातहरूको मूल्याङ्कन र चेकजाँच गर्ने, पुष्प फर्म स्थापना तथा बिस्तार हुने स्थानको अनुगमन गरी उपयुक्त देखिएका प्रस्तावलाई छनौटका लागि केन्द्र प्रमुख समक्ष सिफारिस गर्ने ।

ख) छनौट तथा मूल्याङ्कन समितिको सिफारिसका आधारमा केन्द्र प्रमुखले प्रस्ताव स्वीकृत गर्नेछन् ।

ग) पुष्प फर्म स्थापना तथा बिस्तार कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

घ) पुष्प फर्म स्थापना तथा बिस्तार भएको फर्मको लागि अनुदान निकासा गर्न सिफारिस गर्ने ।

ङ) अनुदान रकमको हिसाब पेश नगर्ने वा सदुपयोग नगर्ने उद्यमीलाई कारवाहीका लागि सिफारिस गर्ने ।

च) छनौट तथा मूल्याङ्कन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद ३

### १०. अनुदान रकम स्वीकृति र सम्झौता

क) उद्यमीहरूबाट यस कार्यविधि बमोजिम प्राप्त प्रस्तावहरू छनौट तथा मूल्याङ्कन समितिले खाम बन्दी प्रस्तावहरू खोली मूल्याङ्कनको प्रक्रिया अगाडि बढाउनेछ ।

ख) प्रारम्भिक मूल्याङ्कनको लागि समितिले पेश भएका प्रस्तावहरूले आवश्यक न्यूनतम आधारहरू पूरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक स्क्रिनिङ्ग गरिनेछ । न्यूनतम आधारहरू पूरा नगरेका प्रस्तावहरूलाई समितिले मूल्याङ्कनको लागि अगाडि बढाउने छैन।

ग) आवश्यक न्यूनतम योग्यता पूरा गरी प्रारम्भिक स्क्रिनिङबाट सफल भएका प्रस्तावहरूलाई समितिबाट यस कार्यविधिको अनुसूची ४ बमोजिम मूल्याङ्कनका आधारहरूमा जाँच गरी अङ्क प्रदान गरिनेछ । प्राप्त प्रस्तावहरू मध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरूलाई उपलब्ध बजेटको आधारमा अनुदान प्रदान गर्न छनौट गरी समितिका अध्यक्ष समक्ष सम्झौताको लागि सिफारिस गर्नेछ ।

घ) समितिले आवश्यक ठानेमा पेश भएका प्रस्ताव र कार्ययोजना अनुसार भए/नभएको सम्बन्धमा फिल्ड अनुगमन समेत गर्न सक्नेछ । अनुगमनको क्रममा प्रस्तावमा पेश

गरिएको विवरण झुठो ठहरिए वा प्राविधिक दृष्टिकोणले अनुपयुक्त भएमा वा आवश्यक न्युनतम योग्यता पूरा नगरेको यकिन भएमा सो प्रस्ताव रद्द गरी अन्य बाँकी प्रस्तावहरूको मूल्याङ्कन कार्य अगाडि बढाइने छ ।

ङ) सम्बन्धित केन्द्र र छनौट हुन सफल उद्यमीबीच यस कार्यविधिको अधीनमा रही अनुसूची ६ बमोजिम कार्यक्रम सञ्चालनको लागि सम्झौता गरिनेछ ।

## परिच्छेद ४

## अनुदान उपलब्ध गराउने र खर्च गर्ने विधि

### ११. अनुदान प्रवाह विधि

क) पुष्प फर्म स्थापना तथा बिस्तारका लागि अनुदान वितरण गर्ने कार्यका लागि सम्झौता बमोजिम केन्द्रबाट अनुदानको रकम उपलब्ध गराइनेछ ।अनुदान स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र रही प्रदान गरिनेछ । तथापि एउटा प्रस्तावको लागि अधिकतम १० लाखसम्म उपलब्ध गराउन सकिनेछ ।

ख) दफा (क) मा उल्लेख गरिए बमोजिम पुष्प फर्म स्थापना तथा बिस्तारका लागि प्रस्तावमा आधारित अनुदान वितरण गर्ने कार्य सञ्चालनका लागि कुल प्रस्तावमा पेश भएको इष्टिमेटको अधिकतम ८५ प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ ।

ग) निवेदक संस्थाले आफूले व्यहोर्ने वा लगानी गर्ने रकमको प्रतिबद्धता (बैङ्क ग्यारेन्टी) पत्र पेश भएपछि मात्र अनुदान उपलब्ध गराइनेछ ।

घ) अनुदान प्राप्त हुने रकमको अधिकतम ३ (तीन) प्रतिशत रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, प्रस्ताव मूल्याङ्कन जस्ता प्रशासनिक कार्यमा खर्च गरिनेछ।

ङ) प्रस्तावकले अनुदान रकमको किस्ता प्राप्त गर्न स्वीकृत कार्ययोजना अनुसारका क्रियाकलापहरू सञ्चालन गर्दा भएको खर्चको बिल, भर्पाइ र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ । किस्ता भुक्तानी गर्दा छनौट तथा मूल्याङ्कन समितिको मूल्याङ्कन तथा स्थलगत अनुगमन रिपोर्ट सहितको सिफारिसको आधारमा एकाउन्ट पेयी चेकबाट बढीमा २ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराइनेछ । पहिलो किस्ता आधा काम समापन भएपछि र अन्तिम किस्ता सम्पूर्ण काम समापन भई बिल भरपाई र प्रतिवेदन बुझाएपछि मात्र उपलब्ध गराइनेछ ।

च) यस कार्यविधि बमोजिम उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख सम्बन्धित केन्द्रले राख्नु पर्नेछ र सोको प्रगति विवरण माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

### १२. उद्यमीले पालना गर्नुपर्ने सर्तहरू

क) प्रस्तावक वा उद्यमीले यस कार्यविधि अनुसार सञ्चालन हुने वा भएको कामको विस्तृत विवरण, कुल लागत, सहयोग उपलब्ध गराउने संस्था, काम सम्पन्न हुने अवधि इत्यादिको होर्डिङबोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

ख) अनुदानग्राहीले आफूले सञ्चालन गरेको कार्यक्रमको सार्वजनिक सुनवाइ गर्नुपर्नेछ । सार्वजनिक सुनवाइमा आफूले प्राप्त गरेको रकमको विवरण, सञ्चालन गरिएका

कार्यक्रमको विवरण र प्राप्त भएको प्रगति तथा उपलब्धीहरूको जानकारी गराउनु पर्नेछ ।

ग) अनुदान प्राप्त गर्ने उद्यमीले पुष्प फर्म स्थापना तथा बिस्तार गर्ने कार्य गरे पश्चात तोकिएको प्राविधिकबाट सम्पन्न कामको निरीक्षण गराइ बिल भुक्तानीको लागि पेश गर्नुपर्नेछ ।

घ) कार्यक्रम सञ्चालन गर्ने क्रममा उद्यमीले मन्त्रालय, निर्देशनालय र केन्द्रले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

ङ) केन्द्रले चाहेमा क्रियाकलाप सञ्चालन तथा सो गर्ने क्रममा भएको खर्चको हिसाब किताब हेर्न सक्नेछ । कार्य प्रगति तथा खर्चको हिसाब देखाउनु सम्बन्धित उद्यमीको दायित्व हुनेछ ।

ङ) अनुदान प्राप्त पुष्प फर्म/नर्सरीबाट उत्पादन तथा विक्री वितरण भएको पुष्पजन्य उपजहरूको विवरण माग भएको अवस्थामा उद्यमीले सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

च) अनुदान सहयोगमा संचालित कार्यक्रम समापन पश्चात अनुदानग्राहीले कम्तीमा पनि १० वर्षसम्म निरन्तरता दिनुपर्नेछ ।

छ) आवश्यक अनुसार मर्मत सम्हार लगायतका कार्यहरूलाई नियामितता दिनुपर्नेछ ।

ज) कार्य सञ्चालनका क्रममा मन्त्रालय, निर्देशनालय लगायतका अन्य प्रदेशस्तरीय कार्यालयहरूबाट दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

झ) गण्डकी प्रदेश सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको पूर्वाधार निर्माण तथा कार्यक्रम सञ्चालनको हिसाब सम्बन्धी किताब हेर्न सक्नेछ । हिसाब देखाउनु सम्बन्धित उद्यमीको दायित्व हुनेछ ।

ञ) प्रास्तावित कार्यक्रम सञ्चालन गर्दा कुनै दुर्घटना भएमा त्यसको जिम्मेवारी अनुदानग्राहीले नै लिनुपर्नेछ ।

## परिच्छेद ५

## अनुगमन तथा मूल्याङ्कन व्यवस्था

### १३. अनुगमन तथा मूल्याङ्कन

यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछ ।

(क) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र केन्द्रले गर्नेछ ।

(ख) मन्त्रालय, निर्देशनालय र केन्द्रले आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन सम्बन्धी ढाँचा तयार गरी सोही ढाँचा बमोजिम प्रतिवेदन तयार गरी समग्र प्रगतिको विश्लेषण गर्नेछ ।

## परिच्छेद ६
## विविध

**१४ अनुदान रकमको दुरूपयोग सम्बन्धमा**

क) सम्झौता अनुरूप काम नगर्ने अनुदानग्राही वा उद्यमीलाई छनोट समितिले अनुदान रकम रोक्का राख्न सक्नेछ।

ख) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरूपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी असुल उपर गरिनेछ।

**१५. बाधा अड्चन निरूपण**

यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण छनौट समितिको सिफारिसमा केन्द्र प्रमुखले गर्नेछ ।

**१६. संशोधन तथा परिमार्जन**

यो कार्यविधिमा केही कुरा संशोधन वा परिमार्जन गर्न परेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१७. प्रचलित कानुन बमोजिम हुने**

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र अन्य व्यवस्थाहरूको हकमा प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

## पुष्प फर्म स्थापना तथा बिस्तार कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

**सूचना ।। सूचना ।। सूचना ।।**

यस ......को आ.व. २० ...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रतिस्पर्धाको आधारमा पुष्प फर्म स्थापना तथा बिस्तारको कार्यक्रम रहेको हुँदा इच्छुक कृषक/कृषक समूह/सहकारी/संस्था/कम्पनीहरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र अनुसूची २ अनुसारको कागजातहरू संलग्न राखी प्रस्ताव सहित आवेदन यस कार्यालयमा पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदन बुझाउने सम्बन्धमा थप जानकारीका लागि .................. मा सम्पर्क राख्न सकिनेछ ।

## अनुसूची २

## पुष्प फर्म स्थापना तथा बिस्तार कार्यक्रमको अनुदान सहयोग मागका लागि आवेदन फाराम

श्रीमान् ..............................

.......................................... ।

मेरो/हाम्रो ................ निजी दिने कृषक, कृषक समूह, सहकारी संस्था, सार्वजनिक संस्था, गैरसरकारी संस्था, निजी कम्पनीबाट .................. जिल्ला, ....................... म.न.पा./उप-म.न.पा./न.पा./गा.पा., वडा नं .................. अन्तर्गत ................स्थानमा पुष्प फर्म स्थापना तथा बिस्तार गर्ने लक्ष्य रहेकोले सोका लागि कुल लागत अनुमान रु....................मध्ये रु .................. मेरो/हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रु.....................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजात संलग्न राखी यो आवेदन पेश गरेको छु/गरेका छौं।

<u>संलग्न कागजातहरू</u>

१) रु.१० को टिकट टाँसेको अनुसूची २ अनुसारको आवेदन ।

२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३) सङ्घसंस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर लिएको प्रमाणको प्रतिलिपि, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।

४) सम्बन्धित म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.को कृषि शाखाबाट कार्यक्रम सञ्चालन गरिने स्थान प्राविधिक रूपमा उपयुक्त रहेको व्यहोराको सिफारिस-पत्र ।

५) प्रस्तावित कार्यक्रम सञ्चालन गरिने स्थानको कम्तीमा १ हेक्टर क्षेत्रफल बराबर जग्गाको कृषकको नामावली सहित क्षेत्रफल खुलेको विवरण र लालपुर्जाको प्रतिलिपि साथै फर्म/संस्था/कम्पनीले जग्गा भाडामा लिएर कार्यक्रम सञ्चालन गर्न चाहेको खण्डमा कम्तीमा १५ वर्षको लागि जग्गा भाडामा लिएको सम्झौता र सो जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

६) निजी फर्म/संस्था/कम्पनीले व्यहोर्नुपर्ने रकम नगद मौज्दात रहेको प्रमाण (बैङ्क स्टेटमेन्ट) र लगानीको स्रोतको आधार ।

७) सडक, बिजुली र पानीको स्रोतको आधिकारिक प्रमाण (पुष्टि हुने कागजात) ।

८) अनुसूची ३ बमोजिमको कार्ययोजनाको विवरण ।

९) भौतिक निर्माणको डिजाइन सहित लागत इस्टिमेट र खरिद गर्न चाहेको मेसिनरी औजारहरूको स्पेशिफिकेशन तथा लागत मूल्य ।

१०) आवेदक कृषक/संस्थासँग पुष्प बाली उत्पादन, विक्री वितरण सम्बन्धी कार्यमा भएको विज्ञता/अनुभवको प्रमाण खुल्ने आधिकारिक कागजात/पत्र ।

*(नोटः माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरू मूल्याङ्कनको लागि अगाडि बढाइने छैन ।)*

निवेदक

संस्थाको छाप

## अनुसूची-३

## पुष्प फर्म स्थापना तथा बिस्तार कार्यक्रम सञ्चालन प्रस्ताव पेश गर्ने ढाँचा

### १. आवेदकको विवरण

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| यदि संस्था भए दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाइटरको वा अध्यक्षको नाम | |
| सम्पर्क मोबाइल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कुल बजेट रु | |
| अनुदानग्राहीको तर्फबाट व्यहोर्ने रकम रु | |
| माग गरिएको अनुदान रकम रु | |
| स्थानीय निकाय वा गैर-सरकारी संस्थाबाट अनुदान प्राप्त हुने भए सोको विवरण पनि उल्लेख गर्ने | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |

### २. कार्यक्रम सञ्चालन गरिने स्थान र प्रमुख बजार वा मोटर बाटो बीचको दुरी

### ३. कार्यक्रम सञ्चालन गरिने स्थानमा उपलब्ध अन्य भौतिक सुविधाहरू (सडक, पानी, विद्युत आदि) उपलब्धताको बारेमा उल्लेख गर्ने

## ४. हाल पुष्प खेती कार्यक्रम सञ्चालन भएको भए सोको विवरण उललेख गर्ने।

| क्र. सं. | कार्यक्रम विवरण | कार्यक्रमले ओगटेको क्षेत्रफल वा सङ्ख्या | वार्षिक उत्पादन | वार्षिक आम्दानी (रु.) | रोजगारी सिर्जना (सङ्ख्या) |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

## ५. प्रस्तावित कार्यक्रमको औचित्य तथा महत्व

## ६. प्रस्तावित कार्यक्रमको अपेक्षित उपलब्धि

क्षेत्रफल वा सङ्ख्या

वार्षिक उत्पादन

वार्षिक आम्दानी रु

सिर्जना हुने रोजगारी सङ्ख्या

## ७. पुष्प फर्म स्थापना तथा बिस्तार कार्यक्रम अन्तरगत सञ्चालन हुने मुख्य-मुख्य क्रियाकलापहरू

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिणाम | समापन गर्ने मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | |

**८. कार्यक्रम सञ्चालन अवधिः**

**९. खर्च विवरणः**

**क. स्थिर खर्चको विवरणः**

कृषि यन्त्र उपकरणहरू, भवन, तारबार, सिँचाइको व्यवस्था आदि जस्ता संरचना निर्माणमा हुने खर्च समावेश गर्ने ।

| क.सं. | क्रियाकलापहरूको विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च (रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**ख. चालु खर्चको विवरण (एक वर्षको मात्र)**

बीउ, मल, विषादी, प्लाष्टिक आदिमा हुने खर्च ।

| क.सं. | क्रियाकलापहरूको विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

१०. प्रस्तावित कार्यक्रमको लागत विवरण

आफ्नो लगानी र माग गरिएको अनुदान रकम

| क्र. सं. | विवरण | अनुदानग्राहीको लगानी (रु.) | माग गरिएको अनुदान (रु.) | स्थानीय निकाय वा अन्य संस्थाको लगानी (रु.) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

११. अनुदान सहयोगपश्चात प्रस्तावित कार्यक्रमको निरन्तरताका आधारहरू उल्लेख गर्नुहोस् ।

१२. नयाँ सोंच केही भए उल्लेख गर्नुहोस्

प्रस्तावकको

संस्थाको नाम

ठेगाना

दस्तखतः

मितिः

संस्थाको छापः

## अनुसूची ४
## मूल्याङ्कनमा आधारहरू

| सि . नं. | विवरण | प्राप्त हुने अङ्क |
|---|---|---|
| १. | **पुष्प फर्म स्थापना तथा बिस्तार गर्ने स्थानको भौगौलिक उपयुक्तता** | **३०** |
| | (क) पुष्प फर्म स्थापना तथा बिस्तार गर्न भौगोलिक अवस्थिति, हावापानी उपयुक्त भएको | ३० |
| | (ख) पुष्प फर्म स्थापना तथा बिस्तार गर्न भौगोलिक अवस्थिति, हावापानी उपयुक्त नभएको | ० |
| २. | **पुष्प फर्म स्थापना तथा बिस्तार पश्चात पुष्पजन्य बालीको गुणस्तरीय उत्पादन, उत्पादनमा विविधता, सङ्कलन र विक्री वितरणमा पुर्याउन सक्ने योगदानको सम्भाव्यता** | **२०** |
| | (क) गुणस्तरीय उत्पादन, उत्पादनमा विविधता, सङ्कलन र विक्री वितरण हुने सम्भाव्यता देखिएको | २० |
| | (ख) गुणस्तरीय उत्पादन, उत्पादनमा विविधता, सङ्कलन र विक्री वितरण हुने सम्भाव्यता न्यून देखिएको | १० |
| | (ग) गुणस्तरीय उत्पादन, उत्पादनमा विविधता, सङ्कलन र विक्री वितरण हुने सम्भाव्यता नदेखिएको | ५ |
| ३. | **पुष्प फर्म स्थापना तथा बिस्तार गर्ने प्रस्तावको आर्थिक क्षमताको अवस्था** | **१५** |
| | (क) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने लिखित आधार पेश भएको | १५ |
| | (ख) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने सम्भाव्य देखिएको | १० |
| | (ग) व्यहोर्नु पर्ने लागत अंश सम्भाव्य नदेखिएको | ० |
| ४. | **स्थानीय निकाय वा गैर-सरकारी संस्थाको सहभागिता** | **१५** |
| | क) स्थानीय निकायको सहभागिता सुनिश्चित भएको | १५ |
| | (ख) गैर-सरकारी संस्थाको सहभागिता सुनिश्चित भएको | १० |
| | (ग) दुवैको सहभागिता नहुने | ० |
| ५. | **पुष्प फर्म स्थापना तथा बिस्तार गर्ने स्थानमा संस्थाको जग्गाको स्वामित्व** | **१०** |
| | (क) १ हेक्टर वा सोभन्दा बढी जग्गाको स्वामित्व आफ्नै नाममा भएको | १० |
| | (ख) १ हेक्टर वा सोभन्दा बढी जग्गा १५ वर्षभन्दा बढीको लागि भाडामा लिएको | ५ |
| ६. | **पुष्प फर्म स्थापना तथा बिस्तार गर्ने स्थानमा आवश्यक पूर्वाधारको उपलब्धता** | **१०** |
| | (क) बाटो, बिजुली, पानीको सुविधा भएको | १० |
| | (ख) बाटो, बिजुली, पानीको व्यवस्था सम्भव भएको | ५ |
| | (ग) बाटो, बिजुली, पानीको पर्याप्त सुविधा नभएको | ० |
| | **जम्मा** | **१००** |

# अनुसूची ५

## प्रतिवद्धता-पत्र

....................को मिति २०................. मा प्रकाशित सूचना अनुसार पुष्प फर्म स्थापना तथा बिस्तारका लागि अनुदान सहयोग प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भएबमोजिम कार्य गर्ने गरी घटिमा .................वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ............वर्षभन्दा अगावै सो कार्यहरू बन्द गरेमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं। अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं। इति संवत् २०७...........गते ..............रोज ..... शुभम् ।

नाम:

ठेगाना:

दस्तखत:

मिति:

संस्थाको छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची- ६
## सम्झौता-पत्र

१. यो सम्झौता पत्र ....... (प्रथम पक्ष) र ....... (दोस्रो पक्ष) बीच पुष्प फर्म स्थापना तथा बिस्तारका लागि अनुदान कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरू सम्झौता भएको मितिले ....... दिनभित्र सुरु गर्नुपर्नेछ ।

४. पुष्प फर्म स्थापना तथा बिस्तार सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि स्वीकृत अनुदान सम्झौता बमोजिम एकाउन्ट पेयी चेकबाट बढीमा ३ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनेछ ।

५. अनुदान प्राप्त हुने रकमको अधिकतम ३.० (तीन) प्रतिशत रकम कन्टिन्जेन्सी बापत पहिलो पक्षले सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, प्रस्ताव मूल्याङ्कन जस्ता प्रशासनिक कार्यमा प्रयोग गर्नेछ ।

६. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा छनौट तथा मूल्याङ्कन समितिको सिफारिसको आधारमा गरिनेछ । दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा छनौट तथा मूल्याङ्कन समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ ।

७. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा छनौट तथा मूल्याङ्कन समितिले मूल्याङ्कनका लागि लागत अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरू प्राप्त भएको ....... दिनभित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।

८. पुष्प खेतीको अनिवार्य रूपमा बिमा गर्नुपर्नेछ।

९. पुष्प फर्म स्थापना तथा बिस्तार भएपश्चात पुष्प नर्सरी/फर्मको स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनुपर्नेछ।

१०. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य सञ्चालन गरेपश्चात सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ ।

११. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षबाट लिनुपर्नेछ ।

१२. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध स्रोतको दुरूपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रूपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरूपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

१३. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन, तालिम भ्रमणमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

| | |
|---|---|
| .............................. | .................................. |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नाम : |
| पद: | पद : |

<u>साक्षीहरू</u>